| गाउँपालिकाको ऐन संख्या :- | १ (एक) |
|---|---|

# बकैया गाउँपालिकाको

# आर्थिक ऐन २०७४

| गाउँ सभाबाट स्वीकृत मिति :- २०७४/०४/२६ |
|---|

बकैया गाउँपालिका,

जिल्ला मकवानपुर

३ नं.प्रदेश, नेपाल

# बकैया गाउँपालिकाको आर्थिक ऐन २०७४

**बकैया गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

**प्रस्तावनाः बकैया** गाउँपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर, दस्तुर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम **बकैया** गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "बकैया गाउँपालिकाको आर्थिक ऐन, २०७४" रहेको छ।

(२) यो ऐन २०७४ साल श्रावण १ गतेदेखि **बकैया** गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः बकैया** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत) : बकैया** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः बकैया** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः बकैया** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः बकैया** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोबार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः बकैया** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः बकैया** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः बकैया** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम मनोरन्जन कर लगाइने र असुल उपर गरिनेछ । ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः बकैया** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः बकैया** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्कः बकैया** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः बकैया** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्कः बकैया** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (१३) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिका/नगरपालिकाले तोके अनुसार हुनेछ ।

अनसुची-१

(दफा २ संग सम्बन्धीत)

## गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने सम्पति कर/घर जग्गा करको दररेट

| क्र.सं. | कर योग्य एकिकृत सम्पतिको मुल्य | दर(वार्षिक) प्रति हजार |
|---|---|---|
| १ | पहिलो दश लाख रुपैयाँसम्म | कर नलाग्ने |
| २ | त्यसपछीको रु. १० लाखसम्ममा | रु ३०० एकमुष्ट |
| ३ | त्यसपछीको रु. ३० लाखसम्ममा | ०।०५ प्रतिशत |
| ४ | त्यसपछीको रु. ५० लाखसम्ममा | ०।२५ प्रतिशत |
| ५ | त्यसपछीको रु. करोडसम्ममा | ०।५० प्रतिशत |
| ६ | त्यसपछीको बाकी रकममा | १।५० प्रतिशत |

२. घरजग्गा मुल्याङ्कन गर्ने तरिका

(१) घरजग्गामा कर लाग्ने क्षेत्रहरुको लागि घरको बनोटको वर्गिकरण र मुल्यांकन देहाय बमोजिम हुनेछ :-

(क) घरको बनौटको वर्गिकरण :

(१) भित्र काँचो बाहिर ईटमा माटोको जोडाई भएका सबै किसिमका घर र काठैकाठबाट बनेका घर ।

(२) भित्र बाहिर पाको ईट वा ढुङ्गामा माटोको जोडाई भएका सबै किसिमका घर ।

(३) भित्र बाहिर पाको ईटमा सिमेन्ट वा वज्रको जोडाई भएको सबै किसिमका घर ।

(४) आर.सि.सि. फ्रेम स्ट्रक्चरबाट बनेका घर ।

(ख) घरको मुल्याङ्कन

| घरको बनोट | औषत लागत दर प्रति वर्गफुट | प्रति वर्ष टुटफुट कट्टी दर प्रतिशत | कट्टी गर्ने जम्मा वर्ष |
|---|---|---|---|
| (अ) प्रकरण २(१)(क)(१) बमोजिमको घर | रू ४५०।- | ३ | २५ |
| (आ) प्रकरण २(१)(क)(२) बमोजिमको घर | रू ५२५।- | २ | ३० |
| (इ) प्रकरण २(१)(क)(३) बमोजिमको घर | रू ५७५।- | १ | ७० |
| (ई) प्रकरण २(१)(क)(४) बमोजिमको घर | रू ६३५।- | ०।७५ | १०० |

घरको मुल्याङ्कन वर्ग फुट (२ तलाको) २००० वर्ग फुट रु ५७५ ले रु ११,५०,०००।००

ह्रासकट्टी १ प्रतिशतले रु ११,५००।००

बाँकी रु ११,३८,५००।००

जग्गाको मुल्याङ्कन ०।५ कठ्ठाको रु १०,००,०००।००

जम्मा मुल्य रु. २१,३८,५००।००

पहिलो १० लाखको कर नलाग्ने

त्यसपछीको रु १० लाखको रु ३००।००

त्यसपछी ०।०५ प्रतिशतले रु ७०।००

जम्मा कर रु ३७०।००

(ग) काँचो ईट वा माटोको गारो वा बाँस वा काठको टाटी भै फुस, छ्वाली, खर, पराल र साधारण टिनको छाना भएको घरको मुल्याङ्कन गरिने छैन ।

(घ) सिनेमा हलहरुको भवनको अघिल्लो भाग (मुख्य अडिटोरियम) को मुल्याङ्कन गर्दा माथी उल्लेखित दरमा २५ प्रतिशत छुट दिई मुल्याङ्कन गरिनेछ ।

(२) घरजग्गा कर लाग्ने क्षेत्रहरुको जग्गाको मुल्याङ्कन गर्दा सो को प्रयोजनको निमित्त गठित स्थानीय समितिले तोके बमोजिम हुनेछ । यसरी नतोकिएको हदमा रजिष्ट्रेसन प्रयोजनका लागि मालपोत कार्यालयले तोकेको दर बमोजिम जग्गाको मुल्याङ्कन गरिनेछ ।

अनसुची-२

(दफा ३ संग सम्बन्धीत)

**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने मालपोत करको दर**

| समय | नापीका बखत साविक गा.वि.स. | इकाई | अब्बल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|---|---|
| २०७३ साल सम्मको बक्यौता | हटिया, फापरवारी, शिखरपुर, मन्थली ठिगन | प्रति रोपनी | १५ | १२ | ९ | ६ |
| | | प्रति कठ्ठा | १० | ८ | ६ | ४ |
| २०७४ साल श्रावण १ गतेदेखी | हटिया, फापरवारी, शिखरपुर, मन्थली ठिगन | प्रति रोपनी | ३० | २४ | १८ | १२ |
| | | प्रति कठ्ठा | २० | १६ | १२ | ८ |

(ख). भूमि कर :भूमिको उत्पादकत्व वा व्यापारिक आवासीय, सामुदायिक, गुठी, कृषि वा वन आदि उपयोगिता समेत हेरी प्रति रोपनी रु. ३००।- सम्म र प्रति कट्ठा रु. २००।- भूमिकर लिइनेछ ।

द्रष्टव्य :

(१) नापी सम्पन्न भई नसकेका र मालपोत ऐन, २०३४ लागू नभएका पहाडी जिल्लाहरूमा साविकको (नापी हुनुभन्दा अघिको) कित्ताको आधारमा प्रत्येक जग्गावालाको स्वामित्वमा रहेको प्रत्येक कित्ताको पाँच रुपैयाँ ।

(२) चिया र रवर क्षेत्र घोषित भएका जिल्लामा चिया र रबर खेती भएका जग्गाको र निजी वन लगाएको जग्गाको मालपोत दर सम्बन्धित जग्गा रहेको किसिम अनुसार न्यूनतम दर ।

(३) मालपोत वा भूमिकरको कूल रकम वार्षिक पाँच रुपैयाँ भन्दा कम हुने भएमा न्यूनतम वार्षिक मालपोत वा भूमिकर पाँच रुपैयाँ कायम गरिनेछ ।

(४) भूमिकर लगाइने जग्गामा मालपोत लगाइने छैन ।

(५) विलम्व शुल्क प्रतिशत निम्न शुत्र अनुसार निकालिनेछ । विलम्व शुल्क प्रतिशत ( विलम्व वर्ष ×५) + ५

(६) प्रत्येक वर्ष असार १५ गते सम्म मालपोत वुझाई सक्नुपर्नेछ । असार १६ गते देखी मसान्त सम्म ५ प्रतिशत विलम्व शुल्क लिई सोही महिनाको मसान्तसम्म मालपोत लिइनेछ ।

(७) भूमिकर लाग्ने क्षेत्र निर्धारण सम्बन्धित नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

अनसुची-३

(दफा ४ संग सम्बन्धीत)

**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउने घर बहाल करको दररेट**

| विवरण | करको दर |
|---|---|
| १. आफ्नो क्षेत्रभित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, शेड छप्पर, कारखाना जग्गा, वा पोखरी पुरै वा आंशिक रुपमा बहालमा दिएकोमा सम्बन्धीत धनीबाट बहाल रकमको बढीमा दुई प्रतिशत | बहाल रकमको २% |

अनसुची-४

(दफा ५ संग सम्बन्धीत)

**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउने व्यवसाय करको दररेट**

| क्र.सं. | शिर्षक | विवरण | सानो | मझौला | ठुलो | कैफियत |
|---|---|---|---|---|---|---|
| **१** | ब्यापारिक वस्तु : | चुरोट, रक्सी, ज्वेलरी, भिडियो, क्यासेट रिकर्डर तथा प्लेयर, आदिको थोक तथा खुद्रा व्यापारमा | ४००० | ५००० | ६००० | |
| | | निर्माण सामग्री, कम्प्युटर, विद्युत सामान, क्यामेरा, टेलिभिजन, रेडियो, कार्पेट, पेट्रोलियम पदार्थ, स्टेशनरी सामान जस्ता बस्तुको थोक तथा खुद्रा व्यापारमा | २००० | २५०० | ३००० | |

| क्र.सं. | शिर्षक | विवरण | सानो | मझौला | ठूलो | कैफियत |
|---|---|---|---|---|---|---|
| | | दैनिक उपभोगका खाद्य पदार्थ सुती कपडा, आदिको थोक तथा खुद्रा व्यापारमा | ४०० | ५०० | ६०० | |
| | | सवारी साधन विक्रेता | ४०० | ५०० | ६०० | |
| २ | बिशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा : | चिकित्सक | १२०० | १५०० | १८०० | |
| | | कविराज | ४०० | ५०० | ६०० | |
| | | इन्जिनियर | १२०० | १५०० | १८०० | |
| | | कानुन व्यवसायी | १२०० | १५०० | १८०० | |
| | | लेखापरीक्षक | १२०० | १५०० | १८०० | |
| | | दन्त चिकित्सक | १२०० | १५०० | १८०० | |
| | | अनुसन्धानकर्ता तथा परामर्श दाता | १२०० | १५०० | १८०० | |
| | | कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर | १२०० | १५०० | १८०० | |
| | | वीमा एजेन्ट | १२०० | १५००।०० | १८०० | |
| | | सर्भेयर | १२०० | १५०० | १८०० | |
| | | अनुवादक | १२०० | १५०० | १८०० | |
| | | पशु चिकित्सक | १२०० | १५०० | १८०० | |
| | | शेयर दलाल | १२०० | १५०० | १८०० | |
| | | सामान ढुवानीकर्ता तथा कंपनी | १२०० | १५०० | १८०० | |
| | | संस्थागत पेण्टर | ६००० | ७५०० | ९००० | |
| ३ | निर्माण व्यवसाय: | गाउँपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा | ४००० | ५००० | ६००० | |
| ४ | उत्पादन मूलक उद्योग: | कोरा माल वा अर्ध प्रशोधित माल वा खेर गईरहेको माल सामानको वा अन्य माल सामान प्रयोग वा प्रशोधन गरी माल सामान उत्पादन गर्ने उद्योग व्यवसायमा | ४००० | ५००० | ६००० | |
| ५ | उर्जामूलक उद्योग: | जलश्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल, ग्यास, वायोग्यास तथा अन्य स्रोतहरूबाट उर्जा पैदा गर्ने उद्योग व्यवसायमा | २००० | २५०० | ३००० | |
| ६ | कृषि तथा वनजन्य उद्योग: | मूलतः कृषि वा वन पैदावारमा आधारित उद्योग व्यवसायमा | ४००० | ५००० | ६००० | |
| ७ | खनीज उद्योग: | खनीज उत्खनन् वा प्रशोधन गर्ने उद्योग व्यवसायमा | ४००० | ५००० | ६००० | |
| ८ | पर्यटन उद्योग: | पर्यटक, आवास, मोटेल, होटेल, रेष्टुरा, रिसोर्ट, ट्राभल एजेन्सी, स्कीइङ, ग्लाइडिङ, वाटर र्‍याफ्टीङ, पोनी ट्रेकिङ, पदयात्रा, हटएयर व्यालुनिङ, प्यारा सेलिङ, गल्फकोर्स, पोलो, अश्वारोहण आदि उद्योग व्यवसायमा | २०००० | २५००० | ३०००० | |

| क्र.सं. | शिर्षक | विवरण | सानो | मझौला | ठुलो | कैफियत |
|---|---|---|---|---|---|---|
| ९ | सेवा उद्योगः | छापाखाना, परामर्श सेवा, जिनिङ्ग तथा वेलिङ्ग व्यवसाय, चलचित्र व्यवसाय, सार्वजनिक परिवहन व्यवसाय, फोटोग्राफी, प्रयोगशाला, हवाई सेवा, शीत भण्डार आदि उद्योग व्यवसायमा | २८०० | ३५०० | ४२०० | |
| १० | निर्माण उद्योगः | सडक, पूल, रोपवे, रेलवे, ट्रलिवस, टनेल, फ्लाइङ वृज तथा औद्योगिक, व्यापारिक एवं आवास कम्प्लेक्स आदि निर्माण गरी संचालन गर्ने उद्योग व्यवसायमा | ४००० | ५००० | ६००० | |
| ११ | संचार सेवाः | निजी क्षेत्रको हुलाक सेवा | ६०० | ७५० | ९०० | |
| | | निजी क्षेत्रका टेलिफोन, फ्याक्स सेवा, फोटोकपी, मोवाईल फोन, आइएसडी, एसटीडी, इमेल, इन्टरनेट, रेडियो पेजिङ आदि | ६०० | ७५० | ९०० | |
| | | कुरियर सेवा | ६०० | ७५० | ९०० | |
| | | छपाई तथा प्रकाशन | १२०० | १५०० | १८०० | |
| १२ | वित्तीय सेवाः | नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको बाहेक आर्थिक कारोवार गर्ने वाणिज्य बैंक, | १२००० | १५००० | १८००० | |
| | | आर्थिक कारोवार समेत गर्ने वित्तीय कम्पनीको मुख्य कार्यालय | ६००० | ७५०० | ९००० | |
| | | वित्तीय कम्पनी शाखा कार्यालय | ६००० | ७५०० | ९००० | |
| | | वीमा कम्पनी | १२०० | १५०० | १८०० | |
| | | विदेशी मुद्रा सटही | ६००० | ७५०० | ९००० | |
| | | धितोपत्र कारोवार | १२०० | १५०० | १८०० | |
| | | सहकारी बैंक | १२०० | १५०० | १८०० | |
| १३ | स्वास्थ्य सेवाः | गैरसरकारी अस्पताल | २००० | २५०० | ३००० | |
| | | नर्सिङ्ग होम | २८०० | ३५०० | ४२०० | |
| | | क्लिनिक तथा ल्याब | १२०० | १५०० | १८०० | |
| १४ | शिक्षा सेवाः | निजी क्षेत्रका स्कूल, क्याम्पस, विश्व विद्यालय | ४०० | ५०० | ६०० | |
| | | तालीम तथा अनुसन्धान केन्द | १२०० | १५०० | १८०० | |
| | | टाईपिङ्ग, कम्प्युटर तथा भाषा प्रशिक्षण संस्था | १२०० | १५०० | १८०० | |
| | | अन्तर्राष्ट्रिय गैरसरकारी संस्था | २८०० | ३५०० | ४२०० | |
| १५ | मर्मत संभार सेवाः | हेभी इक्विपमेन्ट बस, ट्रक, कार, मोटर साईकल, टेम्पो, साईकल मर्मत कारखाना | १२०० | १५०० | १८०० | |
| | | रेडियो, टि.भी., घडी, प्रेशर कुकर, हिटर, टेलिफोन सेट, विद्युत सामग्री मर्मत केन्द | १२०० | १५०० | १८०० | |
| १६ | अन्य सेवाः | विज्ञापन सेवा | ८०० | १००० | १२०० | |
| | | वैदेशिक रोजगार सेवा | २००० | २५०० | ३००० | |
| | | स्वदेशी रोजगार सेवा | ८०० | १००० | १२०० | |
| | | सेक्रेटेरियल सेवा | १००० | १२५० | १५०० | |
| | | हाउजिङ्ग कम्पनी तथा घर जग्गा खरीद बिक्री ( रियल स्टेट) | २००० | २५०० | ३००० | |

| क्र.सं. | शिर्षक | विवरण | सानो | मझौला | ठुलो | कैफियत |
|---|---|---|---|---|---|---|
| | | व्युटी पार्लर, केश श्रृंगार, ड्राई क्लिनर्स, फोटो स्टुडियो, सिलाइ आदि | ६०० | ७५० | ९०० | |
| | | साईनबोर्ड बनाउने पेन्टिङ्ग सेवा | ८०० | १००० | १२०० | |
| | | पशु वधशाला | १२०० | १५०० | १८०० | |
| | | मासु विक्रेता, फुल विकेता, पुल हाउस, खोटो व्यवसायी, सिसा तथा प्लाइउड विक्रेता,भाँडाकुडा विक्रेता | ४०० | ५०० | ६०० | |
| | | स्टिल, काठ, फर्निचर विक्रेता | ८०० | १००० | १२०० | |
| | | खेलौना, उपहार (गिफ्ट) विक्रेता | २०० | २५० | ३०० | |
| | | केवुल, नेटवर्किङ्ग (ग्राहक संख्याको आधारमा) | ८००० | १०००० | १२००० | |
| **१७** | अन्य व्यवसाय: | पार्क, पिकनिकस्पट | ६०० | ७५० | ९०० | |
| | | क्यासिनो | ६०००० | ७५००० | ९०००० | |
| | | टुर अपरेट | २८०० | ३५०० | ४२०० | |
| | | मसाज पार्लर | १६०० | २००० | २४०० | |
| **१८** | अन्य | माथिको वर्गीकरणमा समावेश नभएका सेवा, व्यवसायको लागी वार्षिक | १२०० | १५०० | १८०० | |

अनसुची-५

(दफा ६ संग सम्बन्धीत)

**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र** उत्पादन भई निकासी हुने देहायका मालवस्तुमा देहायको **जडीबुटी, कवाडी करको दर** गाउंपालिकाले आफ्नो क्षेत्रभित्र उत्पादन भई निकासि हुने उन, खोटो, जडिबुटी, वनकस, कवाडी माल, जीवित जन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिंङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरे वापत देहाय बमोजिमको जडिबुटी कवाडी र जीवजन्तु कर लाग्नेछ ।

क) कागतजन्य सामग्रीको प्रति किलोग्राम रु पचास पैसा
ख) फलामजन्य सामानका लागि प्रति किलोग्राम रु एक
ग) स्टिलजन्य सामानका लागि प्रति किलोग्राम रु एक
घ) अन्यको हकमा प्रति किलोग्राम रु एक
ङ) निजि तथा सामुदायिक बनसमुहबाट बेचिएका काठ दाउराको हकमा देहाय बमोजिम हुनेछ ।

| सि.नं. | नाम | ईकाइ | दर रु मा |
|---|---|---|---|
| १ | बाॅस | प्रती गोटा | १ |
| २ | सिसौ, साल दाउरा (सम्बन्धित जिल्लाको वन कार्यालयको चलानीको आधारमा) | प्रती ट्रिप | ५,००० |
| ३ | अन्य दाउरा (सम्बन्धित जिल्लाको वन कार्यालयको चलानीको आधारमा) | प्रती ट्रिप | २,५०० |
| ४ | खयर तथा सालको गोलिया चिरान काठ | प्रती क्यु फिट | ५० |
| ५ | असना गोलीया चिरान | प्रती क्यु फिट | २५ |

अनसुची-६

(दफा ७ संग सम्बन्धीत)

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउने वार्षिक सवारी साधन करको दररेट

| सि.नं. | नाम | ईकाई | करको दर (रु) |
|---|---|---|---|
| १ | बस, ट्रक, लरी र अन्य हेभी गाडीमा | प्रति गोटा | २००० |
| २ | भाडाका कार, जीपमा | प्रति गोटा | ३५० |
| ३ | भाडाको टेम्पो, अटो रिक्सामा | प्रति गोटा | २०० |
| ४ | भाडाको मिनीवसमा | प्रति गोटा | ७५० |
| ५ | निजी कार, टेम्पो, मिनीबसमा | प्रति गोटा | २०० |
| ६ | स्कुटर, मोटरसाईकल तथा अन्य सवारी साधनमा | प्रति गोटा | १०० |
| ७ | ठेलागाडा तथा रिक्सामा | प्रति गोटा | २५ |

द्रष्टव्य :- एक स्थानीय तहले सवारी दर्ता तथा वार्षिक सवारी कर लिएपछि अर्को स्थानीय तहले त्यस्तो सवारी दर्ता तथा वार्षिक सवारी कर लिईने छैन ।

. तर गाउँपालिकाले आफैंले बनाएको वा आफूलाई हस्तान्तरण भइ आएको सडकमा देहाय बमोजिम पटके सवारी करको दररेट

| सि.नं. | नाम | ईकाई | करको दर (रु) |
|---|---|---|---|
| १ | निजी तथा भाडाका बस, ट्रक र ट्रैक्टरमा | प्रति गोटा | ५०। |
| २ | मिनीबसमा | प्रति गोटा | ३० |
| ३ | निजी तथा भाडाका कार र टेम्पोमा | प्रति गोटा | २० |
| ४ | अन्य सवारी साधनमा | प्रति गोटा | १५ |

द्रष्टव्य: (१) यस प्रकरण बमोजिमको कर राजमार्ग तथा सहायक राजमार्गमा लगाईने छैन ।

(२) यस प्रकरणबमोजिम उठाइएको कर सम्बन्धित सडकको मर्मत सम्भार कार्यमा मात्र खर्च गरिनेछ ।

(३) प्रकरण (१) बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर तिरेका सवारी साधनमा सोही स्थानीय तह भित्र पटके सवारी कर लगाइने छैन ।

अनसुची-७

(दफा-८ संग सम्बन्धीत)

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउने विज्ञापन करको दररेट

| सि.नं. | नाम | ईकाई | दर (रु) |
|---|---|---|---|
| १ | व्यावसायिक प्रयोजनका लागि राखिएको होडिङ्ग बोर्ड (वार्षिक) | प्रति वर्ग फुट | १० |

अनसुची-८

(दफा-९ संग सम्बन्धीत)

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउने मनोरन्जन करको दररेट

| सि.नं. | नाम | ईकाई | दर (रु) |
|---|---|---|---|
| १ | सिनेमा हल, भिडियो हल, जस्ता प्रदर्शन स्थलमा | | **५%** |
| २ | जादु, सर्कस, चटक आदीमा प्रति दिनमा | | **५००** |

अनसुची-९

(दफा-१० संग सम्बन्धीत)

## गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउने पाउने बहाल विटौरी शुल्कको दररेट

| सि.नं. | विवरण | करको दर रु. |
|---|---|---|
| १ | टहरा भीत्र रहेको पसलमा प्रति पसल हाट (हात्तिसुडे र जुरेली हाटबजार स्थलमा) | ५० |
| २ | टहरा वाहिर रहेको पसलमा प्रति पसल हाट (हात्तिसुडे र जुरेली हाटबजार स्थलमा) | २५ |
| ३ | पक्की भवनमा भीत्र रहेको पसलमा प्रति पसल हाट (जुरेली हाटबजार स्थलमा) | १०० |
| ४ | पक्की भवनमा भीत्र रहेको सटर भाडा प्रति सटर (जुरेली हाटबजार स्थलमा) | १५०० देखी २००० |

नोटः स्थानीय स्तरमा उत्पादीत हरियो आफ्नै उत्पादनवाट विक्री गर्न ल्याएको तरकारीमा कर छुट गरिनेछ।

अनसुची-१०

(दफा-११ संग सम्बन्धीत)

## गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउने पार्किङ्ग शुल्कको दर

| विवरण | करको दर रु. मा |
|---|---|
| १. जीप कार भ्यान (प्रति घण्टा) | २० |
| २. मोटर साइकल (प्रति घण्टा) | १० |

अनसुची-११

(दफा १२ संग सम्बन्धीत)

## (क) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउने सेवा शुल्कको दररेट

| क्र.सं. | विवरण | करको दर |
|---|---|---|
| १ | कसैको रकम कलम उठाई दिए वापत उठेको रकमको | १% |
| २ | फिल्ड सेवा शुल्क (जग्गा रेखाङ्कन, बन पैदावर विक्री, जस्ता कार्यमा) (यसवाट प्राप्त रकमबाट रु २५० फिल्डमा जाने प्रतिनिधीलाई पारवाहन खर्च दिइनेछ) | ५०० |

## (ख) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउने दस्तुरको दर

### १. व्यक्तिगत घटना दर्ता दस्तुर

| क्र.सं. | विवरण | दर रु. मा |
|---|---|---|
| १ | घटना घटेको ३५ दिनसम्म दर्ता गरेमा | निःशुल्क |
| २ | त्यसपछी घटना घटेको ७० दिनसम्म दर्ता गरेमा (शुल्क) | ८ |
| ३ | घटना घटेको ७१ दिन देखी १ वर्षसम्म दर्ता गरेमा (शुल्क तथा जरीवाना) | १० |
| ४ | घटना घटेको १ वर्ष देखी ५ वर्ष सम्म दर्ता गरेमा (शुल्क तथा जरीवाना) | २० |
| ५ | घटना घटेको ५ वर्ष माथी जतीसुकै समयमा दर्ता गरेमा (शुल्क तथा जरीवाना) | ५० |

### २. सिफारिस दस्तुर

| क्र.सं. | विवरण | दर रु. मा |
|---|---|---|
| १ | नाता प्रमाणीत दस्तुर (नेपाली) | १०० |
| २ | नाता प्रमाणीत दस्तुर (अंग्रेजी) | ३०० |
| ३ | जन्म मिति प्रमाणीत | १०० |
| ४ | विवाह वा अविवाहित प्रमाणीत | १०० |
| ५ | अंग्रेजी माध्यममा सिफारिस वा प्रमाणीत | ३०० |
| ६ | घर पाताल प्रमाणीत (प्राकृतिक प्रकोप भएमा सर्जिमिनको आधारमा छुट दिन सकिने) | ५०० |
| ७ | अपांग सिफारिस नलाग्ने | ० |
| ८ | अविवाहित प्रमाणीत | १०० |
| ९ | नावालक सम्बन्धी सिफारिस | १०० |

| क्र.सं. | विवरण | दर रु. मा |
|---|---|---|
| १० | जन्म मिति संशोधन सिफारिस | १०० |
| ११ | जिवितको नाता प्रमाणीत | १०० |
| १२ | हकवाला वा हकदार प्रमाणित | ५०० |
| १३ | संरक्षक प्रमाणीत गर्ने (संस्थागत) | १०० |
| १४ | संरक्षक प्रमाणीत गर्ने (व्यक्तिगत) नलाग्ने | ० |
| १५ | कागज/मञ्जुरीनामा प्रमाणीत | २०० |
| १६ | घर जग्गा/अचल सम्पत्ती मुल्याङ्कन र आयश्रोत प्रमाणीत वापत प्रति हजार मुल्याङ्कन अंकको | १ |
| १७ | जग्गा मुल्यांकन सिफारिस/प्रमाणीत (विद्यार्थी प्रयोजनका लागी ) एकमुष्ट | १००० |
| १८ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणीत | १००० |
| १९ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणीत | ५०० |
| २० | नागरिकता सिफारिस | १०० |
| २१ | नागरिकताको प्रतिलिपि सिफारीस | १०० |
| २२ | बहाल कर लेखाजोखाको सिफारिस | २०० |
| २३ | मोही लगत कट्टाको सिफारिस | १००० |
| २४ | घर जग्गाको लेखाजोखा सिफारिस | २०० |
| २५ | व्यापार व्यवसाय बन्द भएको, सञ्चालन नभएको वा व्यापार व्यवसाय हुँदै नभएको सिफारिस | २०० |
| २६ | व्यवसाय दर्ता सर्जमिन सिफारिस | ५०० |
| २७ | मिलापत्रको कागज गराउने निवेदन दर्ता गर्ने र सिफारिस | ५०० |
| २८ | निःशुल्क वा स-शुल्क स्वास्थ्य उपचार सिफारिस | २० |
| २९ | पुर्जामा घर कायम सिफारिस | ५०० |
| ३० | फरक, फरक नाम, थर, जन्म मिति तथा प्रमाणीत दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिस | १०० |
| ३१ | नाम थर वा जन्म मिति संशोधन सिफारिस | १०० |
| ३२ | जग्गा धनी पुर्जा हराएको सिफारिस | २०० |
| ३३ | कित्ताकाट सिफारिस (प्रति कट्टा/रोपनी) | ५० |
| ३४ | घर जग्गा नामसारी सिफारिस | ५०० |
| ३५ | जग्गा दर्ता नामसारी सिफारिस (प्रति कट्टा/रोपनी) | १०० |
| ३६ | जग्गा दर्ता सिफारिस (प्रति कट्टा/रोपनी) | १०० |
| ३७ | जग्गाको हक सम्बन्धमा सिफारिस | ५०० |
| ३८ | मृतकसँगको नाता प्रमाणीत तथा सर्जमिन सिफारिस | ५०० |
| ३९ | उद्योग ठाउँसारी सिफारिस | ५०० |
| ४० | जिवित रहेको सिफारिस | ५०० |
| ४१ | विद्यालय ठाउँसारी गर्न सिफारिस (निजि) | १००० |
| ४२ | पालन पोषणको लागि सिफारिस | १०० |
| ४३ | बैवाहिक तथा अन्य अंगिकृत नागरिकता सिफारिस | १००० |
| ४४ | विद्युत जडान सिफारिस कच्ची घर | १०० |
| ४५ | धारा तथा विद्युत जडान सिफारिस (नक्सा पास भएको पक्की घर) | २०० |
| ४६ | धारा तथा विद्युत जडान सिफारिस (नक्सा पास नभएको पक्की घर) | ३०० |
| ४७ | कोठा खोल्न रोहवरमा बस्ने | ५०० |
| ४८ | स्थायी बसोबास सिफारिस | १०० |
| ४९ | सरकारको नाममा बाटो कायम सिफारिस | १०० |
| ५० | संस्था दर्ता सिफारिस (नाफामूखी) नविकरण | ५०० |

| क्र.सं. | विवरण | दर रु. मा |
|---|---|---|
| ५१ | संस्था दर्ता सिफारिस (गैह्र नाफामुखी) एक पटक, नविकरण प्रति पटक | २०० |
| ५२ | घर बाटो प्रमाणीत ( प्रति कठ्ठा/रोपनी) | ५० |
| ५३ | छात्रवृत्ति सिफारिस | ५० |
| ५४ | अस्थाई बसोबास सिफारिस (स्वदेशी) | ५०० |
| ५५ | अस्थाई बसोबास सिफारिस (विदेशी) | १००० |
| ५६ | अदालत शुल्क मिनाहा सिफारिस | २५ |
| ५७ | आन्तरीक बसाईं सराईं सिफारिस | १०० |
| ५८ | अन्य प्रमाणीत | १०० |
| ५९ | अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठाउन पर्ने र रोहबरमा बस्नु पर्ने पत्र तथा काम | १०० |
| ६० | अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठाउन पर्ने नलाग्ने | ० |
| ६१ | माथी उल्लेखित विषय बाहेकका सिफारिस | १०० |
| ६२ | जग्गा रेखांकन/सम्बन्धी रोहबरमा बस्ने | ५०० |
| ६३ | व्यवसाय दर्ता प्रमाणपत्र दस्तुर (प्रमाणपत्रको प्रतिलिपी समेत) | २०० |
| ६४ | पानी घट्ट दर्ता दस्तुर | १०० |
| ६५ | पानी घट्ट नवीकरण दस्तुर (प्रति महिना) | २५ |
| ६६ | पुर्व प्राथमिक विद्यालय खोल्ने सिफारिस/अनुमति (निजी) | ५००० |
| ६७ | मिलापत्र दस्तुर | ५०० |
| ६८ | निजी विद्यालय, माध्यामिक तह (९ देखि १२ कक्षा) सम्म) दर्ता तथा नविकरण शुल्क | १०००० |
| ६९ | निजी कलेज, क्याम्पसहरु दर्ता तथा नविकरण शुल्क रु. | २०००० |
| ७० | निजि विद्यालय, विद्यालय तह (१ देखी ८ कक्षा) सम्म दर्ता रु. | ७००० |
| ७१ | विद्यालय कक्षा वृद्धि सिफारिस (निजि) | ५००० |
| ७२ | विपन्न विद्यार्थी छात्रवृत्ति सिफारिस (नलाग्ने) | ० |
| ७३ | विशेष तयारी कक्षाहरु (निश्चित समयका लागी ) संचालन गर्ने संस्थाहरुको दर्ता रु. | २५०० |
| ७४ | NGO/INGO को हकमा दर्ता रु. | २००० |
| ७५ | उद्योग व्यवसाय दर्ता, आयमुलक तथा अन्य व्यवससाय दर्ता सिफारीस | २०० |
| ७६ | चौपाया सम्बन्धी सिफारिस (प्रति चौपाय) | ५० |
| ७७ | चार किल्ला (चौहद्दी) प्रमाणीत ( प्रति कठ्ठा/रोपनी) | ५० |
| ७८ | तालिम तथा अनुसन्धान केन्द्र, टाइपिङ, कम्प्युटर, भाषा, प्रशिक्षण लगायत यस्तै प्रकृतिका संस्थाहरु दर्ता रु. | २००० |
| ७९ | तालिम तथा अनुसन्धान केन्द्र, टाइपिङ, कम्प्युटर, भाषा, प्रशिक्षण लगायत यस्तै प्रकृतिका संस्थाहरु नविकरण रु. | ५०० |
| | द्रष्टव्य :अति विपन्न र असहाय, आर्थिक तथा अन्य सहायता, दैवीप्रकोप, अशक्त, असहाय र विकास निर्माणमा गरीने सिफारीसमा दस्तुर लिइने छैन । | |

अनसुची-१२

(दफा १३ संग सम्बन्धीत)

**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउने सेवा शुल्कको दर**

१) बकैया गाउँ कार्यपालिकाले निर्माण, सञ्चालन र व्यवस्थापन गरेका सेवामा तोके बमोजिम हुनेछ ।

अनसुची-१३

(दफा १४ संग सम्बन्धीत)

**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउने पर्यटन शुल्कको दर**

| क्र.सं. | विवरण | करको दर |
|---|---|---|
| | विदेशी पर्यटकलाई प्रति पर्यटक | ५०।०० |